प्रतिदिन पूर्भौ वार्षिकोत्सव

राष्ट्रिय दैनिक
प्रतिदिन
PRATIDIN NATIONAL DAILY

वर्ष-१५ ।। अङ्क : १९९ ।। २०८० भाद्र २९ गते शुक्रबार (15th Sep 2023 Friday) | Pratidin National Daily | मूल्य-रु.५/-

राजकीय सम्मानका साथ पशुपतिमा गरियो नेम्वाङको अन्त्येष्टि

झापा(प्रस) । संविधानसभाका अध्यक्ष सुवास नेम्वाङको बिहीवार राजकीय सम्मानका साथ अन्त्येष्टि गरिएको छ ।

तीन दिनअघि हृदयघातका कारणले निधन भएका संविधानसभाका अध्यक्ष तथा नेकपा (एमाले)का उपाध्यक्ष नेम्वाङको बिहीवार बिहान ११ बजे अन्त्येष्टि गर्ने भनिए पनि बिहान १० बजेदेखि नै पशुपति आर्यघाटमा मानिसको भीड लागेको थियो ।

निर्धारित समयमा नै पशुपति आर्यघाटमा शव पुऱ्याइएको थियो । शवयात्रामा पार्टीका नेता तथा कार्यकर्ता, शुभचिन्तक सर्वसाधारणलगायत हजारौँको सहभागिता रहेको थियो । नेम्वाङको निवास, बालुवाटारबाट आर्यघाटसम्म शवयात्रा गरिएको थियो । शवयात्रा बालुवाटार, त्रिवि शिक्षण अस्पताल महाराजगञ्ज, चाबहिल हुँदै पशुपति आर्यघाट पुगेको थियो ।

शवयात्रामा रहेका सबैका अनुहारमा एक कुशल, मृदुभाषी, असल राजनीतिज्ञलाई गुमाउनु पर्दाको पीडा रहेको थियो । आर्यघाटको दुवैतिरको भागमा मानिसले जलिरहेका नेम्वाङ शवप्रति श्रद्धासुमन व्यक्त गरेका थिए । सर्वसाधारणले मोबाइलबाट फोटो, भिडियोसमेत बनाइरहेका देखिन्थ्यो । प्रधानमन्त्री, विभिन्न पार्टीका शीर्ष नेता, मन्त्री, सांसद, उच्चपदस्थ अधिकारीले अन्तिम श्रद्धाञ्जली व्यक्त गरेका थिए । पशुपति आर्यघाटमा नेम्वाङको पार्थिव शरीरमा प्रधानमन्त्री पुष्पकमल दाहालले नेपालको राष्ट्रिय झण्डा र एमाले अध्यक्ष केपी शर्मा ओलीले पार्टीको झण्डा ओढाई अन्तिम श्रद्धाञ्जली अर्पण गरे ।

संविधानसभाका अध्यक्ष, प्रतिनिधिसभाका पूर्वसभामुख नेम्वाङको निधनमा नेपाल सरकारले राजकीय सम्मान प्रदान गरेको थियो । बिहीवार सरकारले उनको सम्मानमा सार्वजनिक बिदासमेत दिएको छ । नेम्वाङको पार्थिव शरीरमा छोरा मिङ्सो नेम्वाङ र सुहाङ नेम्वाङले दागबत्ती दिएका थिए । त्यसक्रममा नेम्वाङप्रति सम्मान प्रकट गर्दै नेपाली सेनाको एक टुकडीले अन्तिम सलामी अर्पण गरेको थियो । अन्तिम श्रद्धाञ्जली दिँदा नेम्वाङ श्रीमती विशालनुमा नेम्वाङ भक्कानिएर रुइन् । उनलाई सम्हाल्न हम्मेहम्मे परेको थियो ।

स्व नेम्वाङप्रति अन्तिम श्रद्धाञ्जली अर्पण गर्न नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, सभामुख देवराज घिमिरे, राष्ट्रियसभाका अध्यक्ष गणेश तिमिल्सिना, पूर्वप्रधानमन्त्री झलनाथ खनाल, गृहमन्त्री नारायणकाजी श्रेष्ठ, राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देन, नेपाल सरकारका मन्त्रीहरू, सांसदहरू, विभिन्न राजनीतिक दलका शीर्ष नेता, नेपाल सरकारका मुख्य सचिव डा. वैकुण्ठ अर्याललगायत आर्यघाट गएका थिए ।

यस्तै संसद् सचिवालयका पदाधिकारी, उच्चपदस्थ कर्मचारी, सुरक्षा निकायका अधिकारी, सामाजिक क्षेत्रका प्रतिष्ठित महानुभाव, नेम्वाङको परिवारका सदस्य तथा आफन्तजन, ठूलो संख्यामा पार्टीका नेता-कार्यकर्ता र सर्वसाधारणको पशुपति आर्यघाटमा उपस्थिति रहेको थियो ।

सोमबार राति ३:०० बजे त्रिवि शिक्षण अस्पतालले मृत घोषणा गरेको नेम्वाङको पार्थिव शरीर श्रद्धाञ्जलीका लागि दुई दिन पार्टी केन्द्रीय कार्यालय च्यासलमा राखिएको थियो ।

नेम्वाङ विसं २००९ फागुन २८ गते इलामको सुन्तलाबारीमा जन्मिएका थिए । विसं २०४८ र २०५२ मा गरी दुईपटक राष्ट्रियसभाको सदस्य भएका नेम्वाङ २०५६ मा इलामबाट प्रतिनिधिसभा सदस्य निर्वाचित भएका थिए । उनी २०६३ सालको पुनःस्थापित प्रतिनिधिसभाको सभामुख बनेका थिए । विसं २०६४ र २०७० मा भएका दुईवटा संविधानसभा निर्वाचनमा इलाम क्षेत्र नं २ बाट विजयी बनेर संविधानसभा अध्यक्ष बन्नु भई उनले संविधान निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए ।

उपाध्यक्ष नेम्वाङ विसं २०७४ र २०७९ को प्रतिनिधिसभा सदस्यमा इलाम-२ बाट निर्वाचित भएका थिए । राजनीतिक जीवनमा नेम्वाङले कानून, न्याय तथा संसदीय व्यवस्थामन्त्री, सामान्य प्रशासनमन्त्री र संसद् को सार्वजनिक लेखा समितिको सभापतिको जिम्मेवारीसमेत बहन गरेका थिए ।

विद्यार्थीकालदेखि नै राजनीतिमा होमिएका नेम्वाङ विसं २०२९ मा महेन्द्ररत्न बहुमुखी क्याम्पस इलाममा अनेरास्ववियुबाट स्ववियु सभापति भएका थिए । राजनीतिकै क्रममा २०३३ सालमा राजकाज मुद्दामा जेल परेका उनी तत्कालीन नेकपा मालेमा सङ्गठित भएका थिए ।

विसं २०५४ को छैटौँ महाधिवेशनदेखि निरन्तर पार्टीको केन्द्रीय कमिटीमा रहेका नेम्वाङ २०७१ सालमा भएको नवौँ महाधिवेशनपछि स्थायी कमिटी सदस्य बने भने २०७८ सालमा चितवनमा सम्पन्न दशौँ महाधिवेशनबाट उपाध्यक्ष निर्वाचित भएका हुन् । उपाध्यक्ष नेम्वाङका श्रीमती, दुई छोरा र दुई छोरी छन् ।

नेम्वाङको निधनमा शोक प्रस्ताव पारित

झापा(प्रस) । प्रतिनिधिसभाले संविधानसभाका अध्यक्ष, पूर्वसभामुख तथा वर्तमान प्रतिनिधिसभा सदस्य सुवासचन्द्र नेम्वाङको निधनप्रति शोक प्रस्ताव पारित गरेको छ । बिहीबारको दिउँसो बसेको बैठकमा सभामुख देवराज

घिमिरेले निर्णयार्थ प्रस्तुत शोक प्रस्ताव सर्वसम्मत पारित भएको हो ।'बीसको दशक यताका लोकतन्त्र र गणतन्त्रका लागि भएका हरेक आन्दोलनहरुमा सक्रिय र प्रभावकारी भूमिका निर्वाह गर्नुभएका, संविधान सभामार्फत नेपालको संविधान निर्माण गर्न अहम् र नेतृत्वदायी भूमिका खेल्नुभएका मृदुभाषी, सरल, सहज र समन्वयकारी व्यक्तित्वका धनी सुवासचन्द्र नेम्वाङको अप्रत्याशित निधनबाट मुलुकलाई अपूरणीय क्षति पुगेको छ,' शोक प्रस्तावमा उल्लेख छ ।

चिकित्सक कुट्नेलाई कारबाही गर्न ७२ घण्टे अल्टिमेटम

झापा(प्रस) । नेपाल चिकित्सक संघले हेटौंडामा बिरामीको उपचार गरिरहेको अवस्थामा दुई चिकित्सकमाथि भएको आक्रमणमा संलग्न सबैलाई तत्काल कारबाही गर्न माग गरेको छ । आफूहरूमाथि आक्रमणमा उत्रनेविरुद्ध स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी पहिलो संशोधन ऐन-२०७९ बमोजिम ७२ घण्टाभित्र कारबाही नभए आकस्मिकबाहेकका सबै सेवा बन्द गर्ने पनि चिकित्सक संघले चेतावनी दिएको छ । चिकित्सक संघले बिहीबार पत्रकार सम्मेलन गर्दै सरकारलाई ७२ घण्टाको अल्टिमेटम दिएको हो । चिकित्सक संघका महासचिव डा.सञ्जीव तिवारीले ज्यानै मार्ने किसिमको घटना अस्पतालको सीसीटीभीमा कैद भइ सामाजिक सञ्जालभर सार्वजनिक भइरहँदा पनि सुरक्षा निकायले यो विषयलाई गम्भीरतापूर्वक नलिएको आरोप लगाए ।

पछिल्ला दुई दिनमा चिकित्सकमाथि हातपात र तोडफोडसम्बन्धी तीन वटा घटना भइसकेको जनाउँदै चिकित्सक संघका अध्यक्ष डा.अनिलविक्रम कार्कीले भने, '४ जना समातिएको भनिरहेका छन् तर हामी उनीहरूलाई कुन ऐनअन्तर्गत कारबाही गर्न खोज्दैछ भन्ने कुरा हेरिरहेका छौं ।'

डा.कार्कीले चिकित्सकमाथि आक्रमण, स्वास्थ्य संस्था तोडफोडलगायतका घटनामा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी पहिलो संशोधन ऐन-२०७९ बमोजिम नगरिए ७२ घण्टापछि देशव्यापी विरोध सुरु हुने बताए ।

चिकित्सक संघका अनुसार बुधबार डा.विकास थापा र डा.प्रशान्त विडारीमाथि सञ्चो अस्पताल हेटौंडामा बिरामीको उपचार गरिरहेको अवस्थामा सांघातिक आक्रमण गरी गम्भीर घाइते बनाइएको थियो ।

साउन २२ गते एक जना बिरामी डेंगीको लक्षण लिई उपचारका लागि सन्चो अस्पताल हेटौंडामा आएको र ती बिरामीलाई थप उपचारका लागि साउन २३ गते नै चितवनस्थित सुविधासम्पन्न अस्पताल रेफर गरिएको थियो । ती बिरामीको साउन २५ गते उपचारका क्रममा निधन भएको जनाउँदै चिकित्सक संघका महासचिव तिवारीले भने, 'यसै घटनालाई लिएर सन्चो अस्पताल हेटौंडामा कार्यरत डा.थापा र डा. विडारीमाथि शारीरिक हमला गरी घाइते बनाइयो । यो घटनालाई लिएर पहिला पनि क्षतिपूर्तिका लागि भन्दै धम्की दिने गरेका थिए ।'

मुलुकभर ३३ हजार चिकित्सक रहेकामा नेपाल चिकित्सक संघमा १४ हजार सदस्य छन् ।

यसैबीच हेटौंडास्थित सञ्चो हस्पिटलका चिकित्सकहरूमाथि कुटपिट गर्ने घटनामा संलग्न ४ जनालाई मकवानपुर प्रहरीले नियन्त्रणमा लिएको छ । कुटपिटमा संलग्न मृतकका श्रीमती रमा प्रधान, छोरी रमिता प्रधान, छोरा रोहित प्रधान र भतिजा अनुप प्रधानलाई प्रहरीले पक्राउ गरेको हो । चौतर्फी दबाबसँगै चिकित्सकहरूले आन्दोलनको घोषणा गरेपछि उनीहरुलाई प्रहरीले पक्राउ गरेको हो । एक महिनाअघि डेंगी संक्रमित हेटौंडा-१२ का ४१ वर्षीय राजेश प्रधानको उपचारमा लापरबाही भएको भन्दै आफन्तहरू आक्रामक भएका हुन् । डेंगी संक्रमित प्रधानको चितवनस्थित चितवन मेडिकल कलेजमा उपचारको क्रममा मृत्यु भएको थियो ।

बेपत्ता बाबुआमाको कुशको विधिबाट एउटै चितामा अन्त्येष्टि

झापा(प्रस) । बाबुआमा बेपत्ता भएको वर्षौं भइसकेर कुनै अत्तोपत्तो नलागेपछि बिर्तामोड ४ को सेढाई परिवारले कुशको विधिबाट एउटै चितामा दुवैको अन्त्येष्टि गरेका छन् ।

कुशे औंसीका दिन बिहीवार कन्काई माईमा सेढाई परिवारले हिन्दु परम्परा अनुसार मलामी गएर कुशको विधिबाट आफ्ना बेपत्ता बाबुआमाको अन्त्येष्टि गरेका हुन् । एउटै चितामा बाबुआमाको कुशको शवलाई छोरा घनश्याम सेढाईले दागवत्ती दिएका थिए । करिव सयजनाको संख्यामा मलामी सहभागी रहेका थिए । अन्त्येष्टिपछि १३ दिनसम्म बाबुआमाको काजकिरिया गरिने सेढाई परिवारले जनाएको छ ।

बिर्तामोड १० सैनिकबजार (पथ्थरभिट्टा) मा अस्थायी बसोबासकै समयमा शशिधर सेढाई २०२८ फागुनमा ७२ बर्षको उमेरमा हरिद्वार भारत जान्छु भनी हिँडेकोमा हालसम्म सम्पर्क आएका छैनन् ।

त्यस्तै उनकी श्रीमती छलीमाया सेढाई २०६० सालदेखि मानसिक समस्या भई घोपामा उपचारको क्रममा २०६८ साल फागुन १८ गते ८८ बर्षको उमेरमा घरबाट हिँडी सम्पर्कविहीन भएकी छन् । धेरै खोजतलास गर्दा पनि दुवैलाई फेला पार्न नसकेको सेढाई परिवारले जनाएको छ । हाल आएर उनीहरुको उमेर १०० बर्ष पुगेकाले र अब फर्किने आशा नरहेकाले बिहीवार कुशे औंशीका दिन दुवैजनाको कुशको विधिबाट दाहसंस्कार गरिएको छोरा घनश्याम सेढाईले बताए ।

लिबियामा बाढीबाट झन्डै २० हजारको मृत्यु भएको आशंका

एजेन्सी । लिबियाको पूर्वी क्षेत्रमा आँधीपछि आएको बाढीबाट झन्डै २० हजार जनाको मृत्यु भएको अनुमान गरिएको छ । 'ड्यानियल' नामको आँधीपछि आएको बाढीमा परी हजारौं व्यक्ति बेपत्ता छन् । बाढीले समुद्री तटको डेर्ना सहर सबैभन्दा धेरै प्रभावित भएको छ । बाढीले तहसनहस भएको डेर्नाका मेयर अक्रम अब्दुल अजिजले कम्तीमा २० हजार जनाको मृत्यु भएको अनुमान गरिएको बताएका छन् । बाढीका कारण पूर्ण ध्वस्त भएका जिल्लाका विवरणमा आधार भएर क्षतिको अनुमान गरिएको उनको भनाइ छ ।

मृत्यु भएका व्यक्तिका शव समुद्रमा बगेका भवनहरूले थिचिएको पनि मेयरलाई उद्धृत गर्दै बीबीसीले जनाएको छ । राहत र उद्धारमा खटिएको टर्किस रेडक्रसका अनुसार भूकम्पकै जस्तै क्षति भएको छ । डेर्नामा अहिले राहत र उद्धारमा विभिन्न देशबाट टोली पुगेका छन् । राहतकर्मीहरूका अनुसार बाढी प्रभावित क्षेत्रमा संक्रमण फैलन सक्ने जोखिम भने बढेको छ । बाढीप्रभावित क्षेत्रमा पिउने पानी र शव राख्ने झोला(बडी ब्याग) को

❖ बाँकी अन्तिम पृष्ठमा

डा. विकाश जैशी, MD, DM
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर), पेट, ग्यास्ट्रिक, अल्सर जन्डिस, हेपटाईटिस रोग
समय: प्रत्येक महिनाको अन्तिम आईतबार, काठमाडौंबाट

डा. प्रेम ब. शाही, MS, FISS
प्रमुख विशेषज्ञ - हाडजोर्नी, नशा तथा मेरुदण्ड सर्जन
समय: दैनिक सेवा

प्रा. डा. अरूण सेढाई, MD, DM
प्रमुख विशेषज्ञ - मृगौला (किड्नी), पिसाब रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिना विर हस्पिटलबाट

डा. दिपायन पाण्डे, MD
विशेषज्ञ - छाला, यौन, सौन्दर्य, कुष्ठरोग
समय: प्रत्येक विहिबार

डा. हरिशंकर प्र. यादव, MD, FIEM
विशेषज्ञ - मधुमेह, थाइराईड, हर्मोन रोग । समय: दैनिक सेवा

प्रा. डा. गौरवराज ढकाल, MS, FISS
प्रमुख विशेषज्ञ - मेरुदण्ड (स्पाइन), गर्धन, कम्मर, नशा, ढाड रोग/सर्जन
समय: प्रत्येक महिना विर हस्पिटलबाट

डा. आलोक झा, MD
विशेषज्ञ - मानसिक, नशा, रोग (बाल तथा किशोर मनोचिकित्सक)
समय: प्रत्येक महिनाको पहिलो शनिबार

डा.धिरज ताम्राकार, MD
विशेषज्ञ - आन्तरिक मेडिसिन तथा फिजिसियन । समय: दैनिक सेवा

डा. धर्मागत भट्टराई, MD, DM
प्रमुख विशेषज्ञ - बाल बाथरोग, एलर्जी तथा रोग प्रतिरक्षा (इम्युनिटी) रोग
समय: प्रत्येक महिना इम्युनोकेयर सेन्टरबाट

डा. केशव कु. मण्डल, MD
विशेषज्ञ - नवजात शिशु तथा बाल रोग
समय: दैनिक सेवा

डा. धिरज गिरी, MS
विशेषज्ञ - नाक, कान, घाँटी, टाउको रोग
समय: दैनिक सेवा

डा. विवेक कट्टेल, MD, FRCI
प्रमुख विशेषज्ञ - बाथरोग तथा (युरिक एसिड), जोर्नी रोग
समय: प्रत्येक महिना न्यूरो हस्पिटलबाट

स्वास्थ्य सेवामा सँगसँगै
जिवनरक्षा पोलिक्लिनिक एण्ड डाइगोनोष्टिक सेन्टर प्रा. लि.
बिर्तामोड-४, भद्रपुररोड, झापा (यामाहा शोरुम अगाडि)
जानकारीका लागि सम्पर्क
023-531242/023-591566
प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/फिजियोथेरापी/ विशेषज्ञ ओ.पि.डि.
हेल्थ प्याकेज/डेन्टल/डिजिटल एक्स-रे
9817094601

एक किलो सुन प्रकरणमा जोडिए तरुण दलका नेता

झापा(प्रस) । जिल्ला प्रहरी परिसर, काठमाडौंले बरामद गरेको करिब एक किलो सुन प्रकरणको अनुसन्धान काभ्रेका कांग्रेस नेतातर्फ मोडिएको छ । अनुसन्धानका सिलसिलामा यसमा कांग्रेसको युवा संगठन तरुण दलका नेता विकास लामाको संलग्नता देखिएको प्रहरीले बताएको छ ।विशेष सूचनाका आधारमा मलद्वारमा लुकाएर दुबईबाट हिमालयन एयरलाइन्समार्फत मंगलबार बिहान साढे ९ बजे ल्याएको सुनसहित प्रहरीले काभ्रेको खानीखोला गाउँपालिका-३ का बाबुलाल दोङलाई पक्राउ गरेको थियो ।सुनका भरिया दोङलाई पछ्‌याउँदै जाँदा सुन लिन आउने काभ्रेको रोशी गाउँपालिका-३, घट्टेखोलाका जगत लामा र महाभारत गाउँपालिका-३, सानोपोखरा घर भई बनेपा बस्दै आएका दोर्जे स्याङ्‌तान पक्राउ परेका थिए ।उनीहरुको बयानबाट यसमा काभ्रेका विकास लामाको संलग्नता पनि खुलेको अनुसन्धानमा संलग्न अधिकृतहरु बताउँछन् ।स्रोतका अनुसार, जगत

र दोर्जेले सुन रिसिभ गर्न समेत विकासकै बागमती प्रदेश ०१ २७ प. च ९९६० नम्बरको गाडी लिएर गएका थिए । अनुसन्धानमा संलग्न एक अधिकृतका अनुसार, जगतले सुन आफ्नै भएको बताएपनि सम्पर्क विवरण र गाडीबाट यसमा विकासको पनि संलग्नता खुलेको थियो ।हाल प्रहरी विकासको खोजीमा जुटेको छ । विकासलाई ६ कात्तिक २०७९ मा सत्तारुढ नेपाली कांग्रेसका प्रदेश सभापति इन्द्रबहादुर बानियाँले बागमती प्रदेश प्रचार समिति सदस्यमा मनोनित गरेका थिए ।प्रहरीका अनुसार, विकास बागमती प्रदेशका खानेपानी, ऊर्जा तथा सिँचाई मन्त्री तीर्थबहादुर लामानिकट व्यक्ति हुन् । उनकै जोडबलमा विकास गएको चुनावमा प्रदेशसभाको समानुपातिक उम्मेदवारका लागि सिफारिसमा परेका थिए ।काठमाडौंका एसपी ढुंगेलले पनि उनी कैद सजाय भुक्तान गरेर छुटेको व्यक्ति भएपनि पूर्ण विवरण फेला परिनसकेको बताए । उनले भने, 'क्रिमिनल रेकर्ड सिस्टम (सीआरएस) बाट विवरण निकाल्छौं ।'वैदेशिक रोजगारीका लागि दुबई बसेका उनी फर्किएर आएपछि सुन तस्करीमा लागेको पाइएको एक अधिकृत बताउँछन् । पछिल्लो चार वर्षयता उनको जीवनशैली आश्चर्यजनक रुपमा फेरिएको जानकारहरु बताउँछन् ।' पहिले मोटरसाइकल चोरीमा पक्राउ परेका उनले हालै बनेपामा घर बनाएका थिए', स्रोतले भन्यो, ' उनको हैसियत अनौठो तरिकाले बढेको थियो ।' उनले सामाजिक सञ्जाल टिकटकमा हालै बनेपामा भएको कन्या पूजामा पैसा बाँडेको भिडियो राखेका छन् ।काठमाडौंका एसपी ढुंगानाका अनुसार, यो समूहले मलद्वारभित्र लुकाएर दुबईबाट सुन ल्याउने गरेको थियो । 'कालो टेपले बेरिएको २ वटा लाम्चो र डल्लो सुन जस्तो पहेँलो धातु फेला परेको थियो', उनले भने, 'पछि त्यो वस्तु सुन नै भएको पुष्टि भएको थियो ।' बरामद सुनको तौल लिँदा ९६० ग्राम भएको प्रहरीले जनाएको छ ।पक्राउ परेका बाबुलाल सामान्य पारिवारिक पृष्ठभूमिका व्यक्ति हुन् । उनी यसअघि ५ पटक दुबई गएर काठमाडौं आएको भेटिएको छ । उनीहरुले यसअघि पनि सोही शैलीबाट सुन ल्याएको हुनसक्ने देखाएको अनुसन्धानमा संलग्न अधिकृतहरु बताउँछन् ।

छन्दकवि कट्टेललाई मोति प्रतिभा सम्मान

मेचीनगर(प्रस) । त्रिफला राष्ट्रिय पुस्तकालयले छन्दकवि हरि कट्टेललाई यसवर्षको मोति प्रतिभा सम्मान प्रदान गरेको छ ।
पुस्तकालयको रजत महोत्सव समापन एवम् १५८ औं मोती जयन्तीका अवसरमा बिहीवार आयोजित विशेष समारोहमा उक्त पुरस्कार प्रदान गरिएको हो ।
भारतीय वरिष्ठ साहित्यकार ज्ञानबहादुर क्षेत्री, वरिष्ठ साहित्यकार प्राडा गोविन्द भट्टराई र पुस्तकालयका अध्यक्ष प्रेमप्रकाश फलाहारीले छन्दकवि कट्टेललाई दोसल्ला ओढाएर नगद पुरस्कार तथा प्रमाणपत्र प्रदान गरे ।

यसैगरी, यस वर्षको छत्रबहादुर बस्नेत समाजसेवा सम्मानबाट मेचीनगर-१० की धनकुमारी न्यौपाने सम्मानित भएकी छन् ।

भारतीय वरिष्ठ साहित्यकार ज्ञानबहादुर क्षेत्री, वरिष्ठ साहित्यकार प्राडा गोविन्द भट्टराई, पुस्तकालयका अध्यक्ष प्रेमप्रकाश फलाहारी र पुरस्कार अक्षयकोषका दाता स्व. छत्रबहादुर बस्नेतका नाति मातृका बस्नेतले उक्त सम्मान प्रदान गरेका थिए ।

दुबै पुरस्कारका लागि काँकरभिट्टा निवासी स्व. छत्रबहादुर बस्नेतले अक्षयकोष स्थापना गरिदिएका थिए । पुस्तकालयका अध्यक्ष फलाहारीको अध्यक्षता, महासचिव टीका सुबेदीको संचालन र नेपाल तथा भारतका दर्जनौं अगुवा साहित्यकारहरुको उपस्थितिमा भएको सो कार्यक्रममा पुस्तकालयको मुखपत्र 'त्रिफला दर्पण', हिरण्यप्रसाद भट्टराईद्वारा लिखित 'महाभूकम्प र कोरोना', टिकाराम अर्यालको कविता संग्रह 'मञ्जरी', विष्णु ओलीको 'सृष्टिभित्रको दृष्टि', टिकाराम घानाको 'युद्धको संग्राममा उभिएकी शिशु', उदयनारायण तिम्सिनाको 'मेरो जीवन रंगमञ्च', विमला जोशीको 'ऐनाभित्रको जिन्दगी', राजेन्द्र पासाको 'तरंगित छालहरु'को विमोचन गरिएको थियो ।

पुस्तकालय स्थापनामा महत्वपूर्ण योगदान पुऱ्याएका साहित्यकार प्राडा गोविन्द भट्टराई, झापाका पूर्व प्रजिअ टिकाराम अर्याल, झापाका पूर्व जिशिअ उद्धव बिष्ट लगायतलाई त्रिफला राष्ट्रिय पुस्तकालयका तर्फबाट संरक्षक विभूषण प्रदान गरिएको छ । कार्यक्रममा कोशी प्रदेशका शिक्षा विकास निर्देशक कृष्णप्रसाद पोखरेल, साहित्यकार केशव आचार्य, मीरा पोखरेल, टिका ढुंगेल, परशुराम तिम्सिना लगायतको उपस्थिति रहेको थियो ।

गौरीगञ्जमा ब्राउनसुगरसहित दुई जना पक्राउ

झापा(प्रस) । झापामा प्रतिबन्धित लागूऔषध ब्राउनसुगरसहित दुई जना पक्राउ परेका छन् । इलाका प्रहरी कार्यालय गौरीगञ्जबाट खटिएको प्रहरीको टोलीले शिवसताक्षी नगरपालिका-३ का २६ वर्षीय सुवास तामाङ र ४० वर्षीय भीमप्रसाद तुम्बाहाम्फेलाई ब्राउनसुगरसहित पक्राउ गरेको हो । भारतबाट नेपालतर्फ मे ५ प ९१३५ नम्बरको मोटरसाइकलमा आइरहेका उनीहरूलाई चेकजाँच गर्दा १ ग्राम ४ सय मिलिग्राम ब्राउनसुगर फेला परेको थियो । पक्राउ परेका दुवै जनालाई प्रहरी कार्यालयमा राखेर थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

साना निर्माणकर्मी संघको अध्यक्षमा पुनःराजवंशी निर्वाचित

झापा(प्रस) । साना निर्माणकर्मी संघ झापाको अध्यक्षमा पुनः केदार राजवंशी निर्वाचित भएका छन् । संघको बिहीवार भएको तेस्रो अधिवेशन तथा पाँचौ साधारणसभाले राजवंशीको अध्यक्षतामा १३ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको हो । जसको वरिष्ठ उपाध्यक्षमा धनकुमार राई , उपाध्यक्ष नितानन्द राजवंशी , सचिव रंजन शाह , सहसचिव मोतीलाल चौधरी तथा कोषाध्यक्षमा दन्तलाल राजवंशी रहेका छन् । त्यस्तै सदस्यहरुमा मोहम्मद सादिक मिया , थुपु राजवंशी , दिया चौधरी , नवलकिशोर शाह , रामलाल

राजवंशी ,पोलास राजवंशी ,थिता राजवंशी रहेका छन् । त्यस्तै राजु राजवंशी प्रमुख सल्लाहकार रहेको सल्लाहकार समितिसमेत गठन भएको छ । जसमा कृष्णप्रसाद भट्टराई ,इसुफ मिया , प्रेमप्रसाद राजवंशी , पदमप्रसाद सुवेदी र इन्द्रसिंह राजवंशी रहेका छन् । कार्यक्रमको उद्‌घाटन गर्दै प्रमुख अतिथि बिर्तामोड नगरपालिकाका नगर उपप्रमुख नगेन्द्रप्रसाद संग्रौलाले निर्माण कार्यमा खटिने निर्माणकर्मीहरुको क्षमता अभिबृद्धि गरिनुपर्नेमा जोड दिए । उनले घरधनी र ठेकेदारबीच लिखित संझौता नहुँदा पछि समस्या आउने भएकाले वडा कार्यालयमा लिखित संझौता गरेर मात्र ठेक्कापट्टा गर्न सुझाव दिए ।

विशेष अतिथि बिर्तामोड ४ का वडाध्यक्ष राहुल शर्माले निर्माणकर्मीहरुलाई सानो र ठूलो भनेर विभेद गर्न नहुने बताए । अर्का विशेष अतिथि राष्ट्रिय स्वतन्त्र पार्टीका जिल्ला संयोजक उमेश खरेलले पेशागत रुपमा स्वतन्त्र रहन चाहने साना निर्माणकर्मी संघका निर्माणकर्मीहरुलाई राजनीतिमा धकेल्न नहुने बताए । कार्यक्रममा राष्ट्रिय स्वतन्त्र पार्टीका बिर्तामोड संयोजक शम्भु भण्डारीले पनि शुभकामना मन्तव्य राखेका थिए । संघका अध्यक्ष केदार राजवंशीको अध्यक्षतामा भएको कार्यक्रममा अध्यक्षको सांगठनिक प्रतिवेदन सचिव रंजन शाहले प्रस्तुत गरेका थिए । संघका सल्लाहकार तथा प्रतिदिन दैनिकका सम्पादक इन्द्रसिंह राजवंशीले स्वागत मन्तव्य राखेको कार्यक्रमको संचालन कृष्णप्रसाद भट्टराईले गरेका थिए ।

जसपा...

गरेको भाई जरिवाना लिने भए लिएर छाडिदिहाल्नु नि, किन दुःख दिएको' भन्दा विवाद भएको यादवले बताए । नगर प्रहरीले आफूलाई ठेलेपछि धकेलाधकेल भएको स्वीकार गर्दै उनले त्यसपछि नगर प्रहरीको टोली आएर लछारपछार पार्दै पसलबाट निकालेर प्रहरी कार्यालय लगेको उनले जानकारी दिए ।

यादवले सञ्चालन गरेको स्नेहा फार्मेसीमा पुगेको नगर प्रहरीले पसलभित्रबाट उनलाई समातेर वडा प्रहरी कार्यालय लगेको थियो । घटनाको सूचना पाएपछि विराटनगरका मेयर नागेश कोइराला वडा प्रहरी कार्यालय पुगेका थिए ।
मेयरले नगर प्रहरीले गल्ती गरेको भनेपछि यादव घर फर्किएका थिए ।
नगर प्रहरीले भने यादवले हातपात गरेपछि थप टोली गएर उनलाई ल्याएको जिकिर गरेको छ । विराटनगर महानगरपालिकाका नगर प्रहरी निरीक्षक राजन पौडेलले नेता यादवसँगको विवाद मिलिसकेको बताए ।

मिलिसकेको विवादको भिडियो सार्वजनिक भएको उनको भनाइ छ । दुबै तर्फबाट कमजोरी स्वीकार गरेपछि विवाद मिलेको उनको भनाइ छ ।
अध्यक्ष यादवले आफुमाथि भएको दुर्व्यवहारबारे चारैतर्फबाट प्रतिक्रिया र नगर प्रहरीविरुद्ध आक्रोश पोखिएको बताए ।
यसैबीच जनता समाजवादी पार्टी(जसपा) ले मोरङ अध्यक्ष राजकुमार यादवलाई विराटनगर महानगर रक्षकले दुर्व्यवहार गरेको बताएको छ। जसपा महानगर समितले अध्यक्ष यादवलाई दुर्व्यवहार गर्ने नगर रक्षकलाई बर्खास्त गरी कारबाही नगरेकाले शुक्रबारदेखि आन्दोलनमा उत्रने घोषणासमेत गरेको छ ।

जसपा महानगर उपाध्यक्ष मोहम्मद नसरूलले बिहीबार पत्रकार सम्मेलन गरी विराटनगर महागरभित्र नगर प्रहरीको आतंक र दुर्व्यवहारविरूद्धको आन्दोलनमा अन्य राजनीतिक दलले समेत समर्थन जनाइसकेकाले शुक्रबारदेखि सशक्त आन्दोलनमा उत्रिने बताएका छन् ।

'अध्यक्षजीलाई अमानवीय व्यवहार गर्ने नगर रक्षकलाई तत्काल बर्खास्त गरी कारबाही गरिनुपर्छ,'उनले भने, 'विराटनगर महानगरले सडक पार्किङ हटाउने नाममा सर्वसाधारण, व्यवसायी, सिटी रिक्सालगायत साना सवारी चालक, मोटरसाइकल चालकलाई अनावश्यक दुःख दिने काम तत्काल रोक्नु पर्छ ।'
जसपा मोरङ सचिव राछामी किरातीले बिहीबार विज्ञप्ति जारी गरी अध्यक्ष यादवलाई दुर्व्यवहार गर्ने नगर रक्षकलाई तत्काल कारबाही नगरिए सशक्त आन्दोलनमा उत्रने चेतावनी दिएको छ ।

लिबियामा...

अभाव रहेको छ ।
आँधीले डेर्ना नदीमा बनाइएको दुई वटा बाँध र चार वटा पुल भत्काएपछि लाखौं क्युबिक मिटर पानी डेर्ना सहरमा पसेको हो ।
लिबियाको सुरक्षा बलका अनुसार टर्की, अल्जेरिया र ट्युनिसियाबाट राहत सामग्री प्राप्त भएको छ । युरोपेली संघले जर्मनी, रोमानिया र फिनल्यान्डबाट लिबियामा

सहयोग पठाएको जनाएको छ भने अन्य देशरुलाई पनि सहयोग पठाउन आग्रह गरेको छ ।तीन दशकसम्म शासन गरेका मुअम्मर गद्दाफीको सन् २०११ मा हत्या गरिएपछि सन् २०१४ देखि लिबिया दुई प्रशासनिक क्षेत्रमा विभाजित भएको थियो । पश्चिम लिबियाको अन्तर्राष्ट्रिय मान्यता प्राप्त सरकारका प्रधानमन्त्री अब्दुल हामिदले राजधानी त्रिपोलीबाट १४ टन खाद्यान्न तथा मेडिकल सामग्री बेंघाजीतर्फ पठाएको बताएका छन् ।

बिमा लेख हरायो

उर्लाबारी निवासी अम्बिकादेवी दर्जीको नाममा रहेको एल.आई.सी. कम्पनीको २०००१५०६३ नम्बरको पोलिसी पेपर उर्लाबारीबाट दमक जाने क्रममा २०८०/४/२० गते हराएको हुँदा भेट्नुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा तलको नम्बरमा सम्पर्क गर्नुहोला ।

सम्पर्क :अम्बिकादेवी दर्जी
ठेगाना:उर्लाबारी-७
मो:९८०४०२७२८९

बिमालेख हरायो

उर्लाबारी निवासी चन्दन महतोको नाममा रहेको एल.आई.सी.कम्पनीको २०००२११६१ नम्बरको पोलिसी पेपर उर्लाबारीबाट दमक जाने क्रममा २०८०/४/२० गते हराएको हुँदा भेट्नुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा तलको नम्बरमा सम्पर्क गर्नुहोला ।

सम्पर्क चन्दन महतो
ठेगाना:उर्लाबारी-६
मो:९८१९३५९९८९

शिवसताक्षी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
ब्याँङडाँडा झापा कोशी प्रदेश, नेपाल

सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

प्रथमपटक प्रकाशित मिति : २०८०/०५/२८

यस नगरपालिकाका लागि देहाय बमोजिमका पदको सेवा करारमा लिनुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुबाट शिवसताक्षी नगरपालिकाबाट स्वीकृत दरखास्त फारम भरी तोकिएको शुल्क बुझाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र (१५औं दिन सार्वजनिक विदा परेमा सो पछि लगत्तै कार्यालय खुलेको दिन) रितपूर्वक दरखास्त आव्हान गरिन्छ ।

क) पदको विवरण :

विज्ञापन नं.	पद/तह	माग संख्या	न्युनतम शैक्षिक योग्यता	दरखास्त दस्तुर
१-०८०/८१	प्राविधिक अमिन (सहायकस्तर चौथो सरह)	२ (दुई)	एस.एल.सि वा एस.ई.ई वा सो सरह उतिर्ण गरी **TSLC in Engineering Survey** (अमिन) कोर्ष उतिर्ण गरेको वा जियोमेटिक्स विषयमा कम्तिमा १(एक) वर्षको तालिम प्राप्त गरेको ।	रु. ३००।००

ख) उमेरको हद : दरखास्त बुझाउने अन्तिम मितिसम्ममा १८ वर्ष उमेर पूरा भई ५० वर्ष ननाघेको ।
ग) दरखास्तका साथ पेश गर्नुपर्ने कागजातहरु :
(१) व्यक्तिगत विवरण,
(२) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
(३) न्यूनतम् शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपि
(४) कार्यानुभव वा कुनै सरकारी सेवाबाट कम्तिमा अमिन पदबाट अवकाश भएको भए सो को प्रतिलिपि
(५) दरखास्त दस्तुर बुझाएको रसिद/भर्पाई ।
(उल्लेखित प्रमाणपत्रका प्रतिलिपिहरुमा स्वयम्‌ले प्रमाणित गरी पेश गर्नुपर्नेछ ।)
घ) प्राथमिकता : कार्यानुभवीलाई प्राथमिकता दिइनेछ ।
घ) दरखास्त बुझाउने स्थान : शिवसताक्षी नगरपालिकाको कार्यालय, ब्याँडडाँडा झापा ।
ङ) छनौट प्रकृया : लिखित र अन्तर्वार्ता । (आवश्यक भएमा Short List गरिनेछ ।
च) सेवा सुविधा : माग गरिएको पदका लागि तोकिएको न्यूनतम् तलब ।
छ) सम्पर्क मिति : २०८०/०६/१५ गते

रीतपूर्वक दरखास्त फारम भरी स्वयम् उपस्थित भई दरखास्त दर्ता गर्नुपर्नेछ । रीत नपुगी आएको वा म्याद नाघी आएको दरखास्त उपर कुनै कारवाही हुनेछैन । अन्य विस्तृत जानकारीका लागि शिवसताक्षी नगरपालिकाको वेबसाईट www.shivasatakshimun@gmail.com मा हेर्न हुन वा नगरपालिकाको प्रशासन शाखामा सम्पर्क गर्न सकिनेछ ।

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

सम्पादकीय

बचत फिर्ता देऊ

देशभर २९ हजार सहकारी छन्, तीमध्ये ७५ प्रतिशतको हालत बौरिन नसक्ने भएको देखिन्छ। बचत फिर्ता गर्नै नसक्ने हालतमा छन्। एक दिन न एक दिन सबैजसो सहकारी यसरी धराशायी हुने नै थिए भन्ने पहिल्यै अनुमान गर्न सकिन्थ्यो। कि सहकारीहरूको नियमन नेपालमा निकै फितलो र कमजोर थियो। नियत सफा भएका होऊन्, या नहोऊन् कुनै न कुनै दिन डुब्छन् भन्ने अड्कल अर्थशास्त्रको ज्ञाता नहुनेले पनि गर्न सक्थ्यो। तर सरकार भने आँखामा पट्टी बाँधेर बस्यो, कानमा तेल हालेर सुत्यो। परिणाम देशको अर्थतन्त्रले र सोझासादा नागरिकले भोग्नु परेको छ। सामान्य घरव्यवहार चलाउन वा इलम उद्यम गर्न, शिक्षादीक्षाका लागि त सहकारीको बचत फिर्ता पाएका छैनन्, उपचार गर्ने खर्च चलाउन पनि बचत फिर्ता नपाएर मृत्युवरण गर्न बाध्य पार्ने सहकारी कति छन् कति।

हाडछाला घोटेर सुकामोहर जम्मा गरेको वर्ग नै सहकारीको एक प्रमुख बचतकर्ता वर्ग छ। जीवनभरको कमाइ जति बचत गर्ने र जीवनमा केही गरौंला भन्ने वर्ग नै सहकारीको बचतकर्ता छ। त्यसैले नै हो, निरीह र निर्धो जनताको आवाज सरकारसम्म नपुगेको। बैंकको ब्याज एक दुई प्रतिशत तलमाथि हुँदा कोकोहोला मच्चिने समाजमा सहकारीले करोडौं, करोड डुबाउँदा पनि सरकारले नसुन्नुको अरू कुनै कारण छैन, बेला निर्धो नागरिकमाथिको हेपाइ र अन्यायमात्रै हो। लौ न डुब्यौं हामी, उतारिपाऊँ भनेर सडकमै ओर्लंदा पनि सरकारले वार्तासम्म गर्न पनि सहकारीपीडितसँग लामो समय लगाउन नपर्ने थियो। त्यसमाथि गएको साउनको १८ गते सहकारी पीडितसँग गरेको सहमति कार्यान्वयनमा पनि फेरि सरकारले निर्धा नागरिकलाई हेपिनै सकेको छ। त्यो सहमतिअनुसार महिना बितिसक्दा पनि सरकारले सिन्को भाँचेको छैन।

सहकारीका समस्याका खिलहरू अझै पनि गडेरै बसेका छन्। उखेल्ने झिनो प्रयास सरकारले गरेको छैन। यसले सरकारबाट भएको त्यो सहमति केवल जनताका आँखामा छारो हाल्नमात्रै थियो भन्ने पुष्टि गर्दैछ। पहिला त सरकारले सहमतिअनुसार ७ बुँदा अक्षरशः पालना गर्दै बचतकर्ताको बचत फिर्ती प्रक्रिया सुरु गर्नुपर्छ। बचत सुरक्षाका लागि बचत तथा कर्जा सुरक्षण कोष स्थापना गरिहाल्नुपर्छ। जसलाई जसरी हुन्छ, खोजी ल्याउनुपर्छ र तिनीहरूले बचतकर्ताको पैसा जहाँजहाँ लगेर लगानी गरेका हुन्, फिर्ता गरी बचतकर्तालाई फिर्ता गराउनुपर्छ। समग्रमा चाहिँ सहकारीमा बचत तथा ऋणको कारोबार हुन्छ भने त्यसको पाईपाई हिसाब सरकारले थाहा पाउने गरी संयन्त्र बनाइ नियमन गर्नुपर्छ।

शिक्षा : विगत, वर्तमान र भविष्य

• प्राडा शोभाखर कँडेल

नेपालमा हिजो, आज र भोलिको शिक्षाको कुरा गर्दा प्राचीनकालमा गुरुकुल शिक्षा प्राणाली प्रचलित थियो, जसको उद्देश्य बालबालिकामा शारीरिक, मासिक र सामाजिक गुणको विकास गराउनु हुन्थ्यो । घरको ऐस आरामबाट मुक्त भएर गुरुको सान्निध्यमा साधारण जीवनयापनसहित ज्ञान आर्जन गरिन्थ्यो ।

मध्यकालमा आएर आध्यात्मिक तथा जीवनपयोगी सिपका अतिरिक्त तन्त्रशास्त्र सामावेश गर्न थालियो । त्यो बेलाको शिक्षामा मान्यजनलाई कसरी सम्मान र सम्बोधन गर्ने, आफूमा नैतिक विकास कसरी गर्ने, व्यवहार कसरी चलाउने, बाबु आमा तथा गुरुको सेवा, पाउनालाई घरको देवता सम्झेर स्वागत र विश्वका मानिस एक हुन्, सबैलाई माया गर्नु पर्छ, अर्काको उपकार गर्नु नै धर्म हो, भन्ने भावनाको विकास गराइन्थ्यो । दैनिक विश्वशान्तिको कामना गरिन्थ्यो । बिहानको प्रार्थनाबाटै सकारात्मक सोचको विकास गराइन्थ्यो । सत्य, निष्ठा, आदर्श, सौहार्दता, सहिष्णुता र नैतिकता मानिसमा नभई नहुने गुण थिए । सच्चरित्रता नै समाजको असली गुण मानिन्थ्यो । नियमको पालना, असल आचरण प्रदर्शन र अनुशासनको पालनालाई प्रमुख महत्व दिन्थ्यो ।संयम, अत्मविश्वास, आत्मचिन्तन, आत्मविश्लेषण गरेर सही र गलत छुट्याउन सक्ने विवेक स्थापित गराइन्थ्यो । मानव जीवन र मानव समाजमा रहनका लागि भविष्यमा आइपर्ने जस्तै कठिन परिस्थितिसँग पनि सामना गर्न सक्ने नागरिक तयार गर्ने लक्ष्यका साथ शिक्षा प्रदान गर्ने र ग्रहण गर्ने उद्देश्य राखिन्थ्यो । समाज, राष्ट्र र विश्वका लागि सुयोग्य नागरिक निर्माण गरिन्थ्यो ।

बौद्धिक छलफल, तर्कशास्त्र, लेखनकला सिप, अध्यात्मशास्त्र, खगोलशास्त्र, शिल्पशास्त्र, आयुर्वेद, सङ्गीत, ललितकला (साहित्य सङ्गीत, चित्र, मूर्ति, वास्तु) र सभ्य भाषाको ज्ञान हासिल गराई एक किसिमको शैक्षिक जागरण गराइन्थ्यो । समग्रमा भन्दा धार्मिक, शास्त्रीय र व्यावहारिक शिक्षा प्रदान गरिन्थ्यो । ज्ञान, सिप, अभिवृत्ति र अन्तर्निहित प्रतिभाको प्रस्फुटण गराइन्थ्यो । विगतको विश्लेषण, वर्तमानमा अनुकूलन र भविष्य द्रष्टाको रूपमा बालकको विकास गराइन्थ्यो । त्यो बेलाका गुरुकुल, गुम्बा, विहार र मठमन्दिर नै शैक्षिक केन्द्र थिए । पछिल्लो समयमा व्यावसायिक समूह विभाजन गरी गुठीका माध्यमबाट व्यावसायिक शिक्षा दिन थालियो । एकीकरणपश्चात् सैनिकका छोराछोरीलाई सैनिक शिक्षा दिने गरेको पाइन्छ । औपचारिक शिक्षाको थालनी दरबार स्कुलको स्थापनापश्चात् भए पनि खास गरी राजा, राणा तथा उच्च घरानाका छोराछोरीका लागि अंग्रेजी शिक्षा दिने उद्देश्यले खोलिएको कारण सर्वसुलभ हुन सकेन । पछि भाषा पाठशाला तथा त्रिचन्द्र कलेजको स्थापना भएको थियो । क्रमशः कृषि शिक्षा पनि समावेश गरियो र उपत्यका बाहिर पनि स्कुलहरू खोल्न थालियो । प्रजातन्त्रको स्थापनाको पूर्वसन्ध्यामा मन्टेश्वरी शिक्षा पनि भित्रिइसकेको थियो । यसले नेपालमा सनै सनै पश्चिमी शिक्षा र संस्कृतिको प्रभाव पनि पार्न सुरु गऱ्यो ।

वर्तमानको कुरा गर्दा प्रजातन्त्रको प्रादुर्भावसँगै शिक्षासम्बन्धी नीति-नियम, विनियम, शिक्षाको संरचना बन्ने कामको सुरुवात भयो । क्रमशः अंग्रेजी भाषा शिक्षणको माध्यम भाषा बन्न थाल्यो । शिक्षालाई औपचारिक बनाउन थालियो । सार्वजनिक विद्यालयका अतिरिक्त निजी विद्यालयको स्थापना गर्न थालियो । अंग्रेजी माध्यममा पढाउने र स्थानीय पोसाकको ठाउँमा टाई, सुट र पाइन्टको पोसाकले ठाउँ लिन थाल्यो । क्रमशः शिक्षामा व्यापारीकरण भित्रियो । नाफा कमाउन शिक्षण संस्था खोल्नु दुर्भाग्यपूर्ण भए पनि यसले समाजमा जरा गाडी छाड्यो । मुनाफाका लागि देश, समाज, परम्परा र संस्कृतिको क्षयीकरणको हेक्का राख्न छाडियो । साधारण शिक्षाका अतिरिक्त प्राविधिक शिक्षाको विकास गर्ने र जीवनपयोगी शिक्षा प्रदान गर्ने उद्देश्य राखिए पनि हाइफाइको कारण भनाइ र गराइमा आकाश जमिनको फरक भयो । ज्ञान सिपको कुरै भएन खाली प्रमाणपत्रधारी जनशक्ति उत्पादन हुन थाले । शिक्षण संस्था, शिक्षक तथा शिक्षा प्रशासकहरू क्रमशः गैरजिम्मेवार हुँदै गएको आभाष हुँदै जान थालेको छ ।

भोलिका लागि नेपालको आधार भनेकै कृषि, पशुपन्छी, जडीबुटी, पर्यटन, जलविद्युत् र खानी हो । यसमा प्रशस्त लगानी र आधुनिकीकरण हो । यी कुराको प्रवर्धन र संवर्धन गर्न सकेमा अर्थतन्त्रको प्रमुख आधार बन्ने देखिन्छ । यी पक्षमा गरेको लगानीले औद्योगिकीकरणको विकास हुने छ र आयातमुखी बन्दै गएको हालको अर्थतन्त्रलाई निर्यात मुखी बनाउनेमा दुईमत हुँदैन होला ।

अर्को पक्ष औद्योगिक विकास र वातावरणलाई एकाकार गर्न सकिएन भने पनि विकासका साथ विनाशको अवस्था हुन जाने छ । विश्व वातावरण उष्ण हुँदै गएको कारण हिमाल पग्लिन थालेका छन् । प्रदूषणले चरम सीमा पार गर्दै छ ।

अर्को कुरा हाम्रा स्थानीय सीपमा आधारित स-साना उद्योग, आरन, भट्टीलाई आधुनिक प्रविधिसँग जोडेर विकसित रूप दिन सकेमा सीपको हस्तान्तरण हुन गई बेरोजगारीलाई न्यूनीकरण गर्न सकिन्छ । परम्परागत रूपमा चल्दै आएका सामाजिक मूल्य र मान्यताहरू एक पिंढीबाट अर्को पिंढीमा हस्तान्तरण हुँदै जाने परम्पराले बेरोजगारीको समस्या ल्याउँदैन । खाली आधुनिकीकरण गरिदिए पुग्छ ।

गाँजा, अफिमलाई दुर्व्यसनको रूपमा विकास हुन नदिई औषधीको प्रयोजनका लागि शोध खोजका साथ औषधी उत्पादनसँग जोड्न सक्नु पर्छ । कोदो, फापर, चिनो जस्ता स्थानीय बालीको प्रवर्धन तथा संवर्धन गरेर अर्गानिक भान्सा तथा औषधीमुलोसँग जोडिनु पर्छ ।

त्यसका अतिरिक्त व्यवस्थापन कार्यलाई पनि भुल्नु हुँदैन । कार्यालय व्यवस्थापन, कर्मचारी व्यवस्थापन, मानव संसाधन विकास, उद्यम विकास, नीति नियम तर्जुमालगायत समग्र अर्थतन्त्र र बजारमा नवीनताको खोजी तथा कार्यान्वयनमा ध्यान दिन नसकेमा उत्पादन र औद्योगिकीकरणको अर्थ हुँदैन । व्यवस्थापकीय सिद्धान्तलाई आत्मसात् तथा अद्यावधिक गर्दै अगाडि बढ्नु पर्दछ । क्षमता विकास गरी कुशल व्यावसायिक बनाउन र अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्षम बनाउनु पर्दछ । माग र आपूर्तिलाई विश्लेषण गरेर अगाडि बढ्न सक्ने बनाउनु पर्दछ । अनुसन्धानमुखी बनाउनु पर्दछ ।

राष्ट्रको सामाजिक, आर्थिक तथा राजनीतिक विकासको मेरुदण्ड शिक्षा हो । यो सक्षम, स्वायत्त र प्रभावकारी हुनु पर्दछ अनि मात्र मानव संसाधन र प्रविधिको विकास तीव्र हुन जान्छ । रोजगारी र औद्योगिक विकासको वातावरण सिर्जना हुन्छ । नतिजामुखी, प्रतिफलमुखी शिक्षा प्रणालीको भएन भने आर्थिक लगानी बालुवामा पानी जस्तै हुन्छ । व्यावसायिक र प्रविधियुक्त शिक्षा आजको आवश्यकता हो । यसका लागि तीन पक्ष शिक्षा प्रशासक, शिक्षक र विद्यार्थी केन्द्रित शिक्षाको आवश्यकता पर्दछ । शिक्षा प्रशासक र शिक्षक व्यावसायिक हुन सकेनन् भने लक्षित उपलब्धि हासिल हुन सक्दैन । शिक्षा प्रणालीले बालबालिकालाई स्वयम् व्यक्ति, समुदाय, राष्ट्र र अन्तर्राष्ट्रका लागि योगदान गर्न सक्ने नागरिक बनाउन सक्नु पर्दछ । शिक्षा सेवा र शिक्षा प्रशासनलाई विश्वास योग्य, श्रद्धालायक र सम्मानपूर्ण बनाउनु पर्दछ । शिक्षक र शिक्षा प्रशासकलाई प्रविण, तालिम प्राप्त र नवप्रवर्तन गराउनु पर्दछ । यसमा कन्जुस्याइँ गर्नु हुँदैन । राज्य पुनर्संरचनामा जान लागेका बेला पुराना कमीकमजोरी र गलत अभ्यासलाई त्यागेर नवीन अभ्यासको चरणमा प्रवेश गर्न चुक्नु हुँदैन । कम्तीमा शिक्षा क्षेत्रलाई २० प्रतिशत बजेट छुट्याउन हिम्मतको खाँचो छ । शिक्षामा सबैको सबैको पहुँच पुऱ्याउन कम्तीमा विद्यालय तहको शिक्षा अनिवार्य र निःशुल्क बनाउनै पर्दछ । शिक्षा दिने दायित्व सरकारको हो न कि निजी क्षेत्रको तर शिक्षामा स्थानीय जनसमुदाय र विद्यालयको अन्तरसम्बन्धलाई भने नकार्न सकिँदैन । विद्यालयको स्रोत र साधनलाई मजबुत बनाउने कुरामा उदार बन्नु पर्छ र त्यसको दक्षता पूर्ण उपयोग गर्न सरकारले केन्द्रीय भूमिका खेल्नु पर्दछ । विद्यालय शिक्षालाई स्थानीय उत्पादन र प्रवर्धन गरी ग्रामीण पर्यटनसँग जोड्नु आवश्यक छ ।

शिक्षाले राजनीतिक चेतनाको विकास अवश्य गर्नु पर्दछ तर राजनीतिले शिक्षालाई गिजोल्नु हुँदैन । आज शिक्षामा गुणस्तर खस्कनुमा राजनीतिक हस्तक्षेप अग्रणी भएको छ । शिक्षा क्षेत्रलाई दलगत स्वार्थको अभ्यासस्थल बनाउँदै लागिएको छ । योगदानको कदर हुन छाडेको छ । उत्तमता, उत्तरदायी तथा जिम्मेवार बनाउनुको साटो आफ्नो राजनीतिक आँखाले मूल्याङ्कन गर्ने परिपाटी हाबी भएको छ । शिक्षक र शिक्षा प्रशासकलाई जिम्मेवारी बहन गर्नुको साटो चाकडी चाप्लुसीको बाटो रोज्न पर्ने बाध्यता बनाइएको छ । विद्यालय, महाविद्यालय तथा विश्वविद्यालयलाई स्वशासित संस्थाको रूपमा स्थापित गर्ने प्रयास नभएका होइनन् तर अहिले शिक्षण संस्थाहरू राजनीतिको हस्तक्षेपको पराकाष्ठा भएका छन् । योग्यता, क्षमता, दक्षताभन्दा पनि आफ्नो निकटताका आधारमा नियुक्ति, बढुवा तथा पदस्थापन गर्ने परिपाटी बसालिएको छ ।

शिक्षामा पहुँच, गुणस्तर सुदृढीकरण, जवाफदेहिताका लागि शिक्षामा राष्ट्रियकरण हुन जरुरी छ किनकि शिक्षामा अहिले व्यापारीकरण हाबी भएको छ । सरकारी र सामुदायिक विद्यालयहरूले निजी विद्यालयको सिको गरेर टाई, सुट र पाइन्टको संस्कृति भित्र्याउन थालिसके । नेपाली भाषा, स्थानीय भाषाप्रतिको मोहभङ्ग भई अंग्रेजी भाषाको ! नेपालका लागि नभएर विदेश पलायन हुने जनशक्ति उत्पादन गर्न थाले । राज्य समाजवाद उन्मुख हुने र अर्कोतर्फ शिक्षा नीतिले निजीकरण, उदारवाद, विश्वव्यापीकरण र निजी क्षेत्रसँग सहकार्य गर्ने कार्य विरोधाभाष देखिन्छ । राज्यको शिक्षा नीति सही दिशामा छ भन्न सकिँदैन ।

उत्पादित जनशक्तिले स्वदेशमा काम नगरे देश विकास हुन सक्दैन । देश विकासको मेरुदण्ड नै देशको कर्मशील जनशक्ति हो । अबको शिक्षाले उत्तम, उत्तरदायी तथा जिम्मेवार नागिरक तयार गर्नु पर्दछ । देशभक्त, कर्मशील, परिश्रमी र राष्ट्रलाई योगदान गर्न उद्दत नागरिक तयार गर्नु पर्दछ । बौद्धिक पलायन रोक्नु नै आजको मुख्य चुनौती देखिन्छ ।

सुशासन, पारदर्शिता र तीनमहिने अभियान

• फणीन्द्र फुयाल ज्वाला

नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको वर्तमान सरकारले सुशासन, वित्तीय अनुशासन र पारदर्शितामा गम्भीर भएर राज्यका सबै अङ्गले जनताको विश्वास आर्जन गर्नेगरी काम गर्नुपर्ने पटक-पटक बताउँदै आएको छ । प्रधानमन्त्रीले यो वर्ष सुशासन र पारदर्शिताका दृष्टिले महत्वपूर्ण वर्ष बनाउन आग्रह गर्दै सोका लागि सरकारले खेल्नुपर्ने भूमिकाप्रति आफू संवेदनशील रहेको समेत सार्वजनिक अभिव्यक्ति दिइरहनु भएको छ । यसैको परिणामस्वरूप सरकारले भ्रष्टाचारका फाइल एकपछि अर्को गर्दै धमाधाम खोल्दै अनुसन्धान प्रक्रिया अगाडि बढाइरहेको छ ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट चेकजाँच छलेर बाहिर ल्याइएको एक क्विन्टल भनिएको सुन प्रकरणका सम्भावित दोषीलाई पक्राउ गर्ने क्रम अझै जारी छ । नेपाल प्रहरीको सिआइबीलाई यसको सत्यतथ्य छानबिनका लागि सरकारले जिम्मेवारी दिइसकेको छ । यो काण्डका बारेमा सरकारको प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) का सांसदहरूले लामो समय राष्ट्रिय सभा र प्रतिनिधि सभाका बैठक अवरुद्धसमेत भए । यो प्रकरणमा आयोग नै गठन गर्नुपर्ने एमालेको थियो । आयोग गठन गर्दा त्यसले प्रभावकारी रूपमा काम नगर्ने, प्रक्रिया लम्बिने र त्यसले अन्ततः काम नै गर्न नसक्ने विगतका उदाहरू भएको सत्ता पक्षको भनाइ थियो । यसरी आयोग बनाउँदा सरकारकै एक अङ्ग सुरक्षा निकाय (सिआइबी) को अनुसन्धान प्रक्रियामाथि नै अविश्वासको अवस्था सिर्जना हुने पनि सकारको निष्कर्ष थियो ।सरकार यतिबेला सामाजिक न्याय, सुशासन र समृद्धिको महान् अभियानमा छ । सुशासन, वित्तीय अनुशासन र पारदर्शिता, कानुनी राज्यको पालना त्यसका लागि महत्वपूर्ण सर्त हुन् । आमजनतामा राज्य र राज्यका विभिन्न अङ्गप्रतिको विश्वास कमजोर भएको बेला छ । इमानदारिता र पारदर्शिताको तह घटेर तल गएको छ । यो स्थितिलाई वर्तमान सरकारले बदल्न सक्नु पर्छ । विश्वसनीयता कसरी कायम गर्ने ? पारदर्शिता कसरी गराउन ? सुशासन कसरी कायम गर्ने ? भन्ने बारेमा सरकारका सबै संयन्त्रले गम्भीर रूपमा सोच्ने र योजना बनाएर तत्काल कार्यान्वयन गर्नुपर्ने बेला आएको छ । राज्यका सम्पूर्ण अङ्ग जिम्मेवार नभइकन सुशासन, पारदर्शिता र जवाफदेहितामा अपेक्षित प्रगति हासिल गर्न सकिँदैन तर पनि सरकारले खोलेका सबै प्रकरणको छानबिन निष्कर्षमा पुग्नेमा आमजनता भने विश्वस्त बनेका छन् । प्रधानमन्त्री प्रचण्डले अनुसन्धानको क्रममा गलत गरेको भेटिए आफैँलाई पनि पक्राउ गर्नुसमेत भन्नुभएको छ । यसले पनि सरकार सुशासनको मार्गमा हिँडिरहेको छ भन्ने एउटा ज्वलन्त उदाहरण पेस भएको छ । उहाँले आफूलाई मात्र नभई आफ्नो पार्टीका जिम्मेवार नेताले नै गल्ती गरेको पाइए कारबाही गरिछाड्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । प्रधानमन्त्रीको यस्तो अभिव्यक्तिले माओवादी नेतृत्वको वर्तमान सरकारले राम्रो मात्र गर्छ, नराम्रो गर्दैन, दोषीलाई कारबाही गर्छ, निर्दोष कोही पर्दैनन् भन्ने सन्देश प्रवाह भएको छ । सूचना, सञ्चार तथा प्रविधिमन्त्री, सरकारको प्रवक्ता एवं माओवादी नेतृ रेखा शर्माले पनि सरकारले खोलेका सबै प्रकरणको फाइल गम्भीरताका साथ हेरिरहेको बताउने गर्नुभएको छ । उहाँले ती प्रकरणहरूमा गम्भीर अनुसन्धान भइरहेको र चाँडै निष्कर्षमा पुग्ने बताउँदा जनताका नयाँ ऊर्जा र आशा सञ्चार भएको छ ।

विगतका अपारदर्शिता, भ्रष्टाचार, कर छलीलगायत प्रकरणमा भएका अनुसन्धान हेर्दा बिचैमा रोकिन्छ कि भन्ने आशंका जनतामा उठ्नु स्वाभाविक नै छ । अहिले भने त्यस्तो नहोला भन्ने अनुमान गर्न सकिन्छ । प्रधानमन्त्री प्रचण्डले सिंहदरबारस्थित आफ्नो कार्यालयमा केही हप्ताअघि सम्पादकहरूसँग गर्नुभएको छलफलमा पनि गिरीबन्धु चिया बगानको फाइलमाथि अनुसन्धान गरिने र थप भ्रष्टाचारका काण्ड बाहिर ल्याउने र दोषीलाई कारबाही गर्ने सरकारको योजना रहेको बताउनु भएको छ । सरकारले आफ्नै घरको (पार्टी) मान्छेलाई पनि छोड्दैन भन्ने प्रतिबद्धता जनाइरहँदा अब विगतमा भएका सबै खालका अनियमिततामाथि सत्यतथ्य छानबिन हुन्छ र देश सुशासनले समृद्ध बन्छ, सरकारका योजनाले सफलता प्राप्त गर्छन् भन्ने सकारात्मक सन्देश दिएको छ । भ्रष्टाचार, अनियमितताका विरुद्धमा लड्न सरकारलाई निज क्षेत्र, अन्तर्राष्ट्रिय समुदाय, मिडिया सबैको साथ र सहयोगको यतिबेला आवश्यकता चाहिएको छ ।

सरकारका गृहमन्त्री एवं नेकपा (माओवादी केन्द्र) का वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठले पनि देशमा सुशासन कायम गर्ने विषय पूर्वसर्तको रूपमा लिएर भ्रष्टाचार, दण्डहीनता, ठगी, अपराधविरुद्धको अभियान अघि बढाइरहेको दोहोऱ्याउँदै आउनु भएको छ । पुरानै गतिमा काम गरेर नपुग्ने सरकारको निष्कर्ष रहेको उहाँको धारणा छ ।

अहिलेसम्म भएका राजनीतिक परिवर्तनबाट समृद्धिको क्षेत्रमा केही सुधार भए पनि ती पर्याप्त भने छैनन् । यसलाई क्रम भङ्ग गर्नु पर्छ र गुणात्मक फड्को मार्ने गरी अगाडि बढ्नु पर्छ । यो कार्यमा वर्तमान सरकारले दृढ इच्छाशक्तिका साथ काम गरिरहेको छ । अपराधी, भ्रष्ट, ठग, तस्कर र अनियमितता गर्नेहरूलाई कानुनको दायरामा ल्याउने गरी काम सरकारले अगाडि बढाएको छ । तर सरकारले चलाएको भ्रष्टाचार विरोधी अभियानमा एमालेको साथ र सहयोग छैन । ललिता निवास, पुशपति, गिरीबन्धु चियाबगान, नक्कली भुटानी शरणार्थी, यती, ओम्नी, वाइडबडी, बतासलगायत भ्रष्टाचारका काण्डमा जोडिएकाहरू त्यसैलाई एजेन्डा बनाएर संसद्भित्र र बाहिर सरकारको उछितो काडिरहेका छन् । सरकारले कसैको दबाबमा नपरी भ्रष्टाचारका फाइल खोल्नु पर्छ ।नेकपा माओवादी केन्द्र भने अहिले विगतका कमी, कमजोरीबाट पाठ सिक्दै, सरकारको नेतृत्व गर्दै र जनताका घरदैलोमा पुगेर सरकारले गरिहेका र प्रदान गरिरहेका सेवा सुविधाका बारेमा प्रतिक्रिया लिइरहेको छ । यसैक्रममा 'जनतासँग माओवादी : विशेष रूपान्तरण अभियान' नाम दिइएको तीनमहिने अभियान यही भदौ १६ गतेदेखि सुरु भएको छ । आगामी मङ्सिर १५ गतेसम्म अभियान चल्ने माओवादीले उद्घोष गरेको छ । मुलुकमा राजनीतिक परिवर्तन र रूपान्तरणकारी योजनाको नेतृत्व गर्दै आएको देशको प्रमुख शक्तिमध्ये एक माओवादी केन्द्रले यस अभियानमार्फत आसन्न निर्वाचनमा जनताको 'मन जितेर मत प्राप्त गर्ने' उद्देश्य राखेको छ ।

अभियानअन्तर्गत कम्तीमा २५ लाख मतदातासँग प्रत्यक्ष भेटघाट गरी पार्टी अध्यक्ष प्रचण्डले नेतृत्व गरेको सरकारले गरेका भ्रष्टाचार नियन्त्रण, सुशासन प्रवर्धन, सेवा प्रवाहमा गरिएको सुधारलगायत जनपक्षीय कामको प्रचारप्रसार गरिने, पार्टीभित्रको समस्या तथा अन्तरविरोधको पहिचान गर्ने, माओवादी नेता तथा कार्यकर्ता जनतासँग नपुग्नेलगायत गुनासाको प्रभावकारी समाधान खोजिने छ ।

अभियानको सुरुवात गर्दै पार्टी अध्यक्ष तथा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले यो अभियानले सुशासनसहितको समृद्धिमार्फत रूपान्तरण ल्याउने उद्देश्य सार्वजनिक गर्नुभएको छ । देशका सातै प्रदेशका सात सय ५३ स्थानीय तह अन्तर्गत रहेका छ हजार सात सय ४३ वडाबाट एकसाथ सुरु गरिएको अभियानमा लाखौँ नेता कार्यकर्ता परिचालित भएका छन् । अभियानमा सुरुवात र अन्त्यको निश्चित मात्रै गरिएको छैन, कुन दिन कसले के काम गर्नेसम्मको खाका सार्वजनिक गरिएको छ ।

भुटानमा एकजना राजनीतिक बन्दी रिहा

झापा(प्रस) । भुटानमा ३७ जनालाई राजनीतिक बन्दी बनाइएको छ । ती ३७ जना बन्दीमध्ये एक जना मधुकर मोङ्गर रिहा भएका छन्। उनी अहिले नेपालको शरणार्थी शिविरमा बसेका छन्।

अन्तरराष्ट्रिय मानव अधिकारवादी संस्था ह्युमन राइट्स वाचले राजनीतिक बन्दी रिहा गर्न भुटान सरकारलाई आग्रह गरेपश्चात् मोङ्गर पहिलो बन्दी हुन् जो रिहा भए तर अझै बाँकी ३६ जना भने जेलमै छन्।

'एक जनाबाहेक अरू बन्दी रिहा भएको थाहा छैन,' वाचले निकालेको विज्ञप्तिमा उल्लेख छ 'मोङ्गर रिहा भएर शरणार्थी शिविरमा छन् तर उनका परिवार तेस्रो देश पुनर्वास कार्यक्रमअन्तर्गत अमेरिका पुगेका छन्।'

वाचले जेलमा रहेका राजनीतिक बन्दीलाई तत्काल रिहा गर्न र परिवारसँग पुनर्मिलन गराउन भुटान सरकारलाई आग्रह पनि गरेको छ।

राजनीतिक अपराधमा दोषी ठहर भएका एक जना पनि महिला बन्दी रिहा भएकी छैनन्।भुटानी मानव अधिकारवादी नेता टेकनाथ रिजाल १० वर्ष जेल बसेको चेमगाङ कारागारले अमानवीय व्यवहार गरेको मधुकरले बताएका छन्।

राजनीतिक बन्दीलाई बारम्बार यातना दिने, जबरजस्ती गरेको उनले वाचलाई भनेका छन्। खाना र स्वास्थ्य सेवा राजनीतिक बन्दीले अत्यन्त न्यून पाएका छन्। मधुकरले मानव अधिकार उल्लंघनमा परेका राजनीतिक बन्दीहरूलाई तत्काल

रिहा गर्न सम्बन्धित सरकारहरूले दबाब दिनुपर्ने भनेका छन्।

भुटान सरकारले अन्तर्राष्ट्रिय स्तरमा आफ्नो छवि राम्रो देखाउन खोजेको छ। 'तर राजनीतिक बन्दीहरूमाथि गरेको व्यवहारले अवस्था राम्रो देखिँदैन,' ह्युमन राइट्स वाचकी एशियाका उपनिर्देशक मीनाक्षी गांगुलीले भनिन्, 'राजा जिग्मे खेसर नामग्याल वाङ्चुकले अन्यायपूर्ण बन्दी बनाइएकाहरूलाई आममाफी दिएर तिनीहरूलाई तुरुन्त रिहा गर्नुपर्छ।'

भुटानका अधिकांश राजनीतिक बन्दीहरू नेपाली भाषी छन्। उनीहरूलाई सन् १९९० र २००८ बीचको राजनीतिक गतिविधिमा संलग्न भएको अभियोगमा बन्दी बनाइएको थियो।उनीहरूलाई राजा, देश र जनताविरुद्धको अपराध गरेको आरोप लगाइएको छ। उनीहरूलाई परिवारसँग भेट गर्न बन्देज छ भने जेल बाहिर सम्पर्क गर्नसमेत दिइएको छैन।

युरोपेली युनियनको टोलीले भुटानका प्रधानमन्त्री लोटे छिरिङसँग भेटेर राजनीतिक बन्दीको अवस्थाबारे चिन्ता व्यक्त गरेको छ।

ह्युमन राइट्स वाचले निकालेको विज्ञप्तिमा भने विदेशी कूटनीतिज्ञहरूले राजनीतिक बन्दीहरूको मानव अधिकार उल्लंघनबारे चिन्ता व्यक्त गर्दा भुटानी अधिकारीहरूले राजनीतिक बन्दी नै नरहेको दाबी गरेको उल्लेख छ।

भुटानी राजबन्दी रिहाका लागि अन्तर्राष्ट्रिय अभियानका संयोजक राम कार्कीका अनुसार युरोपियन युनियनको दक्षिण एशिया हेर्ने टोलीले भुटानी प्रधानमन्त्री लोटेलाई भेटेरै राजनीतिक बन्दी रिहा, भुटानी शरणार्थी समस्या समाधानका लागि कुरा गरेको छ।

टोलीसँग प्रधानमन्त्री लोटेले भुटानी शरणार्थी शिविरमा आफ्ना नागरिक भए ल्याउने बताएका छन्। 'हाम्रा मान्छे छन् भने ल्याउँछौं,' उनले भने, 'हामीले नेपालसँग सैद्धान्तिक रूपमा छलफल जारी राखेका छौं।'

उनले नेपालसँग सैद्धान्तिक छलफल जारी रहेको तर व्यावहारिक छलफल लामो समयदेखि नभएको टोलीलाई बताएको युनियनका सदस्यको भनाई उद्धृत गर्दै कार्कीले बताए।

कार्कीले नक्कली भुटानी शरणार्थी प्रकरणपछि सक्कली भुटानी शरणार्थी समस्या ओझेलमा परेको र नेपालले तुरुन्त भुटानसँग वार्ता गरी यो समस्याको दीर्घकालीन समाधान खोज्नु पर्छ भनेका छन्।

आगामी संयुक्त राष्ट्रसंघको महासम्मेलनमा नेपालका प्रधानमन्त्रीले भुटानसँग यो पहल गरिदिन पनि कार्कीले अनुरोध पनि गरे।

ह्युमन राइट वाच र अभियानले बारम्बार राजनीतिक बन्दी रिहाका लागि पहल गरिदिन युरोपेली युनियन, संयुक्त राष्ट्रसंघ मानव अधिकार उच्च आयोग लगायतका अन्तर्राष्ट्रिय निकायलाई आग्रह गरेका थिए।

ह्युमन राइट्स वाचले भुटान सरकारलाई कैदीहरूको बारेमा पत्र लेखेको थियो तर अहिलेसम्म कुनै प्रतिक्रिया प्राप्त नभएको वाचले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।भुटानको कानुनअनुसार आजीवन कारावासको सजाय भोगिरहेका व्यक्तिलाई राजाले आममाफी दिएमात्रै रिहा हुन्छन्।

सन् २०१९ मा संयुक्त राष्ट्रसंघीय कार्यदलले आजीवन कारावासको सजाय भोगिरहेका थुनुवाहरूलाई आममाफीबाहेक रिहाइको कुनै सम्भावना छैन भनी निष्कर्ष निकालेको थियो।

भुटान सरकारले रिहा गरे पनि देश निकालिएर नेपालको शरणार्थी शिविरमा आइपुगेका मोङ्गरको परिवार भुटानी शरणार्थीहरूको पुनर्वास कार्यक्रमअन्तर्गत संयुक्त राज्य अमेरिका बसोबास गर्छ।

नेपाल र संयुक्त राज्य अमेरिकाका सरकारले संयुक्त राष्ट्रसंघीय शरणार्थी एजेन्सीको सहयोगमा मोङ्गरलाई आफ्नो परिवारसँग पुनर्मिलन गराउन तत्काल सहयोग गर्नुपर्ने अनुरोध ह्युमन राइट्स वाचले गरेको छ।

कैदी मृत्यु प्रकरण : ७ प्रहरी र ८ कैदी जेल चलान

संखुवासभा(प्रस) । जिल्ला अदालत संखुवासभाले कारागारमा दुई कैदीको मृत्यु प्रकरणका १५ आरोपितलाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएको छ ।

कैदी हत्या प्रकरणमा मुद्दा चलाइएका ७ प्रहरी र ८ कैदीलाई पुर्पक्षका लागि कारागार चलान गरिएको हो । न्यायाधीश टेकनाथ गौतमको एकल इजलासले ७ प्रहरीलाई धनकुटा र ८ कैदीलाई तेह्रथुम कारागारमा राख्न आदेश दिएको छ । कारागार

विभाग र जिल्ला सुरक्षा समितिको समन्वयमा प्रहरीलाई धनकुटा र कैदीलाई तेह्रथुम पठाइसकेको छ ।

बुधबार सरकार र प्रतिवादीतर्फका आठ कानुन व्यवसायीले बहस गरेका थिए ।

कैदी हत्या घटनामा मोरङको कटहरी गाउँपालिका-१ महेशपुर स्थायी घर भई जिल्ला कारागार खाँदबारीमा कार्यरत प्रहरी सहायक निरीक्षक लक्ष्मी चौधरी, इलामको इलाम नगरपालिका-११ स्थायी घर भई खाँदबारी कारागारमा सुरक्षा गार्डमा कार्यरत सुमन गुरुङ, उदयपुरको त्रियुगा नगरपालिका-१४ बाङ्गे स्थायी घर भई खाँदबारी कारागारमा सुरक्षा गार्डमा कार्यरत दमनसिंह राई, खोटाङको खोटेहाङ गाउँपालिका-८ कात्तिके स्थायी घर भई खाँदबारी कारागारमा सुरक्षा गार्डमा कार्यरत प्रहरी हवल्दार राजकुमार श्रेष्ठलाई जेल चलान गरिएको छ ।

यस्तै खोटाङको जन्तेढुङ्गा गाउँपालिका-३ स्थायी घर भई खाँदबारी कारागारमा सुरक्षा गार्डमा कार्यरत प्रहरी जवान मनिष राई, सुनसरीको कोशी गाउँपालिका-५ श्रीपुर स्थायी घर भई खाँदबारी कारागारमा सुरक्षा गार्डमा कार्यरत प्रहरी जवान पवनकुमार महतो र उदयपुरको लिम्चुङबुङ गाउँपालिका-४ बलाम्ता स्थायी घर भई खाँदबारी कारागारमा सुरक्षा गार्डमा कार्यरत वर्षीय नुशन राईलाई पुर्पक्षका लागि धनकुटा कारागार पठाइएको छ ।

खाँदबारी नगरपालिका-२ चेवा स्थायी घर भई जिल्ला कारागारका बलात्कार कसुरमा कैद भुक्तान गरिरहेका रामबहादुर कार्की, खाँदबारी नगरपालिका-९ गैरीगाउँ स्थायी घर भई जिल्ला कारागारमा बलात्कार कसुरमा कैद भुक्तान गरिरहेका अनिश शर्मा कट्टेल, भोजपुरको भोजपुर नगरपालिका-१० भैंसीपङ्खा स्थायी घर भई जिल्ला कारागारमा बलात्कार कसुरमा कैद भुक्तान गरिरहेका सचिन राई, मकालु गाउँपालिका-५ सोलाखानी स्थायी घर भई जिल्ला कारागारमा बलात्कार कसुरमा कैद भुक्तान गरिरहेका सुमन सारू मगरलाई पुर्पक्षलाई थुनामा पठाइएको छ ।

यस्तै चैनपुर नगरपालिका-३ स्थायी घर भई जिल्ला कारागारमा डाँकाचोरी कसुरमा कैद भुक्तान गरिरहेका टीकाराज चौहान, चिचिला गाउँपालिका-४ खारमेली स्थायी घर भई जिल्ला कारागारमा कर्तव्य ज्यान कसुरमा कैद भुक्तान गरिरहेका नवीनकुमार राई, खाँदबारी नगरपालिका-६ तल्लो पाङ्ठा स्थायी घर भइ जिल्ला कारागारमा बलात्कार कसुरमा कैद भुक्तान गरिरहेका इन्द्रध्वज घिमिरे र मादी नगरपालिका-५ वेतिनी स्थायी घर भई जिल्ला कारागारमा बलात्कार कसुरमा कैद भुक्तान गरिरहेका मीनबहादुर तामाङलाई पुर्पक्षका लागि तेह्रथुम कारागार पठाइएको जिल्ला अदालतका म्रेस्तेदार रामचन्द्र केसीले जानकारी दिए ।

मुलुकी अपराधसंहिता, २०७४ को दफा ४१, दफा १७७ र दफा १८६ र अपराध पीडित संरक्षण ऐन, ७५ को क्षतिपूर्तिसम्बन्धी व्यवस्था आकर्षित हुने गरी मुद्दा दर्ता गरिएको थियो । सबै अभियुक्तविरुद्ध जन्मकैदको मागदाबी गरिएको छ ।

गत साउन २४ गते संखुवासभा मादीका विनोद तोलांगी र नुवाकोटको ककनीका आकाश बलामीको प्रहरी र कैदीको कुटपिटबाट मृत्यु भएको थियो । कारागारको शौचालयको झ्यालको रड काटेर भाग्न खोजेको भन्दै नियन्त्रणमा लिएर सुरुमा प्रहरीले र त्यसपछि अन्य कैदीबन्दीले सामूहिक कुटपिट गर्दा उनीहरूको मृत्यु भएको अनुसन्धानबाट खुलेको छ ।

जसपा नेता यादवमाथि महानगर प्रहरीको दुर्व्यवहार

झापा(प्रस) । सामान्य विवादमा विराटनगर महानगरको नगर प्रहरीले जनता सामाजवादी पार्टी मोरङका अध्यक्ष राजकुमार यादवमाथि दुर्व्यवहार गरेको छ । पार्किङको विषयमा विवाद भएपछि बुधबार साँझ यादवमाथि

नगर प्रहरीले लछारपछार पार्दै दुर्व्यवहार गरेको हो ।

यादव विराटनगरको अस्पताल चोकमा रहेको स्नेहा फार्मेसीका सञ्चालक हुन् । पसल अगाडि नो पार्किङमा रोकेको सिटी सफारीमा नगर प्रहरीले ह्वील लक लगाइदिएकोमा यादवले लक खोल्न नगर प्रहरीलाई आग्रह गरेका थिए । सफारी चालकले लक खोल्दिएन भन्दै गुनासो गरेपछि आफूले नजिकै रहेको नगर प्रहरीलाई 'के

❖ बाँकी अन्तिम पृष्ठमा

भारत लगिरहेको गाई-गोरुसहित गाडी नियन्त्रणमा

झापा(प्रस) ।ॐकार सेना नेपालले गाई गोरुसहित एउटा गाडी नियन्त्रणमा लिएको छ । सताक्षीधामका प्रमुख सन्त नन्दकिशोर महाराजको नेतृत्वको ॐकार सेना नेपालले तस्करीको माध्यमबाट भारत लैजान लागेको पाँच वटा गाई र २ वटा गोरु नियन्त्रणमा लिएको हो । मे १ च ५६९३ नम्बरको पिकअप गाडीमा गाईगोरु खाँदाखाँद गरी कष्टपूर्ण तरिकालाई सीमा नाकातर्फ लैजान खोजिएको थियो ।

सोही क्रममा गाडी नियन्त्रणमा लिएर

गाईगोरुलाई उद्धार गरी सताक्षीधाम गौशाला पठाइएको छ ।

गाडीधनी हाविल अलीलाई आइन्दा यस्तो कार्य नगर्ने लिखित प्रतिबद्धता गराई गाडी छाडिएको छ ।

दमक नगरपालिकाबाट झापा गाउँपालिका हुँदै भारततर्फ बध गर्ने उद्देश्यले गाई गोरु लगिरहेको अवस्थामा नियन्त्रणमा लिएको जनाइएको छ ।

पछिल्लो समयमा कोशी प्रदेशका विभिन्न भागहरूमा गाईगोरु काटेर खाएको भन्दै सामाजिक सञ्जालमा भिडियो भाइरल भएपछि जातीय र धार्मिक विवाद चुलिएको छ । यस अगाडि पनि ॐकार सेना नेपालले विज्ञप्ति जारी गर्दै गाईगोरु तस्करी गर्ने जो कसैलाई पनि कारबाही गर्ने चेतावनी दिएको थियो । जिल्लाको गौरीगञ्ज, झापा, मेचीनगरको ज्यामिरगढी, नकलबन्दा र बाहुण्डाँगीबाट गाईगोरु तस्करी भइरहेको स्रोतको दाबी छ ।

प्रतिदिन राष्ट्रिय दैनिक PRATIDIN NATIONAL DAILY
वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

मानव डेन्टल
MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१८

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

आजको राशिफल

मेष — आज नयाँ र शुभ कार्यको चर्चा चल्नेछ । स्वादिष्ट परिकार खान पाइनेछ ।

वृष — लामो समयदेखि रोकिएका अधुरा कामहरू सफल हुन सक्छ ।

मिथुन — जटिल ठानिएको कामसमेत सम्पादन हुनेछ । चिताएको कामले तीव्रता लिनेछ ।

कर्कट — स्वास्थ्यप्रति सजग रहनु होला । दबाब र तनाव बढेको महसुस हुनेछ ।

सिंह — आज शुभकार्यको चर्चा चल्नेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ ।

कन्या — अधिकार प्राप्तिका लागि गरिएको प्रतिस्पर्धामा विजयी भइनेछ ।

तुला — धार्मिक यात्रा गर्ने अवसर प्राप्त हुनेछ । कसैकसैका लागि सन्तान प्राप्तिको योग

वृश्चिक — आज परिवारजनको साथले नयाँ आशा पलाउनेछ । तर्क, विवाद र प्रतिस्पर्धामा

धनु — आज दाम्पत्य जीवन सुखमय हुनेछ । शुभकार्यको चर्चा पनि चल्नेछ ।

मकर — आज ज्ञान र अध्यात्मको भावना जाग्न सक्छ ।सको काममा सहयोग मिल्नेछ ।

कुम्भ — एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । नोकरी गर्नेले मानसम्मान पाउने

मिन — आज दबाब र तनाव बढेको महसुस हुनेछ । कार्य सम्पादनमा समस्या आउला ।